माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
Email info@mandavimun.gov.np
mandavimun2073@gmail.com

## किसान सूचीकरण सहजकर्ताको दरखास्त आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२९**

माण्डवी गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"किसान सूचीकरण कार्यक्रम"** संचालन प्रयोजनार्थ सेवा करारमा तथ्यांक संकलक (सहजकर्ता) पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माण्डवी गाउँपालिकाको कार्यालयमा रीत पुर्वक दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

तपसिल

**१. पदको विवरण**

| सि.नं. | बिज्ञापन नं . | पद | पद संख्या | परिक्षा दस्तुर(.रु) | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| ०१ | १६/०७९/८० | सहजकर्ता | ९ | ३००/- | वडा नं. १,२ र ३ |

**२. कामको विवरणः** किसान सूचीकरणका लागी तथ्यांक संकलन गरि सफ्टवेयरमा प्राविष्ट गर्ने ।

**३. आवश्यक न्युनतम योग्यता :** नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट १० जोड दुई वा प्रविणता प्रमाण-पत्र तह उत्तीर्ण, इन्टरनेट चलाउन सक्ने, एन्ड्रोइड वा स्मार्ट फोन वा ट्याब्लेट वा ल्यापटप भएको

**४. आवश्यक कागजात** क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) हालसालै खिचिएको पासपोर्टसाइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरु (घ) अनुभवका प्रमाणपत्रहरु (ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयं प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ ।

**५. विशेष प्राथमिकताः** सम्बन्धित वडामा स्थायी बसोबास भएका, ३ महिने आधारभूत कम्प्युटर तालिम भएको, कृषि तथा पशुपन्छी विषयमा जे.टि/जे.टि.ए उत्तीर्ण भएको, राष्ट्रिय स्तरको गणक तथा सर्वेक्षण कार्यमा अनुभव हासिल गरेकोलाई विशेष प्राथमिकता दिईने छ ।

**६. छनौटको किसिम :** सर्टलिस्ट, अन्तर्वार्ता तथा सिप परिक्षण ।

**७. उमेर हद :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**८. दरखास्त दिने अन्तिम मितिः** मिति २०७९/११/१४ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

**९.सम्पर्क मिति :** २०७९/११/१५ गते, अन्तर्वार्ताको मिति सम्पर्क मितिमा तोकिनेछ ।

**१०.सेवा सुविधा :** किसान सुचीकरंणका लागि छनौट भएका सहजकर्ताहरुले पाउने सेवा तथा सुविधा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ मा तोके बमोजिम हुनेछ ।

**११.थप जानकारीको लागि सम्पर्क नं :.**९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

१०/२९

..................
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत